जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २८३ २०८३ साल असार ८ गते सोमबार (22 June 2026 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : अन्तरराष्ट्रिय योग दिवस सन्दर्भः.. ३ पृष्ठमा : सङ्घीयताको कार्यान्वयनः मधेस ... ३ पृष्ठमाजेनेभामा अमेरिका-इरान..




एक महिनादेखी लालपूर्जाको माग गर्दै राजविराज नगरवासीले विभिन्न प्रकारको आन्दोलन गर्दै आइरहेका छन् । "राजविराज नगर स्थापनाकाल देखी नै बसोवास गर्दै आएका ५ हजार भन्दा बढी परिवारको खोसिएको अधिकार फिर्ता गर्दै तत्काल जग्गाधनी प्रमाणपत्र प्रदान गर" आफ्नो एक सूत्रिय माग राख्दै उनीहरु आन्दोलित छन् । आन्दोलनकै क्रममा आइतबार साँझ "हामी चुप छौं कमजोर होइन" लिखित ब्यानर र टाउँकोमा रातो कपडा बाधेर प्रदर्शन गरेका छन् । *तस्बिर : राजविराज दैनिक*

## लागुऔषधसहित सासूबुहारी पक्राउ

**दैनिक समाचारदाता**
**सुनसरी, ७ असार ।**

सुनसरीको इटहरी उपमहानगरपालिका-१७ पकलीबाट प्रहरीले ठूलो परिणाममा लागुऔषध ब्राउन सुगरसहित सासू र बुहारीलाई पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय पकलीबाट खटिएको प्रहरी टोलीले स्थानीय ७० वर्षीया सरातुन खातुन र उनकी २० वर्षीया बुहारी सेविका सरदारलाई लागुऔषधसहित पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक चन्द्रबहादुर खड्काका अनुसार सरातुनको घरमा लागुऔषधको कारोबार भइरहेको सूचना पाएपछि प्रहरीले उनको घरमा छापा मारेको थियो ।

जाँच तथा खानतलासीका क्रममा सरातुनले बोकेको कपडाको झोलाभित्र लुकाएर राखेको लागुऔषध फेला परेको हो । झोलाभित्र २१.५० ग्राम ब्राउन सुगर बरामद गरिएको हो ।

लागुऔषधसहित सासूबुहारीलाई इलाका प्रहरी कार्यालय पकलीमा राखेर थप अनुसन्धान तथा कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको सूचना अधिकारी खड्काले जानकारी दिए ।

## पोखरीमा डुबेर दुई बालिकाको मृत्यु

**दैनिक समाचारदाता**
**बारा, ७ असार ।**

बाराको कलैया उपमहानगरपालिका-६ पर्सा टोलस्थित एक पोखरीमा शनिबार नुहाउने क्रममा डुबेर दुई बालिकाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा कलैया उपमहानगरपालिका-६ पर्सा टोलकी ६ वर्षीया सृजनाकुमारी मण्डल र सोही ठाउँकी पाँच वर्षीया अञ्जलीकुमारी मण्डल रहेका छन् ।

स्थानीय दिपेन्द्र साहको हाँस पाल्ने पोखरीमा नुहाउन गएका दुवै बालिका डुबेका थिए । उनीहरूलाई तत्काल उद्धार गरी उपचारका लागि प्रादेशिक अस्पताल कलैया लगिएको थियो ।

अस्पतालमा चिकित्सकले दुवै बालिकाको मृत्यु भएको पुष्टि गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक मीनबहादुर घलेले जानकारी दिए ।

# सरकारको 'एक्स्प्रेस' गाडी गन्तव्यमा पुगेर मात्र रोकिन्छ : प्रधानमन्त्री



काठमाडौं, ७ असार (रासस) ।

प्रधानमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता वालेन्द्र शाहले वर्तमान सरकार 'एक्स्प्रेस' गाडी भएकाले गन्तव्यमा पुगेपछि मात्रै राकिने बताउनुभएको छ ।

रास्वपाको प्रथम राष्ट्रिय महाधिवेशनको उद्घाटन सत्रलाई आइतबार चितवनको भरतपुरमा सम्बोधन गर्दै उहाँले कतिपय राजनीतिक पार्टीहरुले सरकारको गति अनियन्त्रित हुने त होइन भनी गरेको टिप्पणीप्रति लक्षित गर्दै भन्नुभयो, "हाम्रो सरकार 'एक्स्प्रेस वे'मा गुडिरहेको गाडी हो, यो गन्तव्यमा पुगेर ब्रेक लाग्छ, अनियन्त्रित छैन ।"

महाधिवशेनको उद्घाटन सत्रमा शुभकामना दिने क्रममा केही राजनीतिक दलका नेताले दिनुभएको सुझावलाई पार्टीले गम्भीर रुपले लिएको जनाउँदै प्रधानमन्त्री शाहले अहिलेको जनमतलाई स्वीकार गर्न आग्रह गर्नुभयो । रास्वपाको वैचारिक दृष्टिकोणका बारेमा चिन्ता नलिन आग्रह गर्दै उहाँले रास्वपा विकासवादी पार्टी भएको बताउनुभयो । "रास्वपा काम गर्ने पार्टी हो, प्रतिशोध साँध्ने पार्टी होइन, पुराना कुरालाई लिएर निहुँ खोज्ने पार्टी होइन", उहाँले भन्नुभयो ।

सरकारी सम्पत्ति र रकम दोहन भएको अवस्थामा विद्यमान सरकार कठोर ढङ्गबाट प्रस्तुत हुने उहाँको भनाइ थियो । प्रधानमन्त्री शाहले भन्नुभयो, "सरकारले नियमकानुन मिच्दैन, नियममै बसेर काम गर्छ, नियमभन्दा बाहिर जाँदैन, हामी निहुँ खोज्ने पार्टी होइन ।"

**'हाम्रो भूमिको प्रमाण हामीसँग छ'**

प्रधानमन्त्री शाहले कालापानी, लिम्पियाधुरा र लिपुलेक नेपालको भूमि भएको स्पष्ट पार्दै ती भूभाग नेपालकै भएको प्रमाण सरकारसँग रहेको बताउनुभयो ।

"हामीले ब्रिटिसलाई मध्यस्थकर्ता राख्न खोजेका होइनौं, तर ब्रिटिसकालीन शासनका समयमा यससम्बन्धी कुनै प्रमाण छ भने सहयोग लिन खोजेका हौं", उहाँले भन्नुभयो, "हामी छिमेकीसँग आफैं कुरा गरेर सीमासम्बन्धी विषय मिलाउँछौं, हामीसँग हाम्रो भूभाग रहेको प्रमाण छ । त्यसमा आशङ्का लिनु पर्दैन ।" आफ्नो राष्ट्रियताप्रतिको दृष्टिकोणमा कसैले पनि आशङ्का मान्नु नपर्नेमा उहाँको प्रष्टीकरण थियो ।

**'पार्टीमा गुट, उपगुट नगरौं '**

वरिष्ठ नेता शाहले पार्टीको महाधिवेशनमा गुट उपगुट बनाउने पुराना पार्टीका अभ्यासलाई रास्वपाले स्थान नदिने बताउनुभयो । "राम्रो नेता र राजनीतिज्ञ बन्नलाई जनताको माया जित्नुपर्छ, कुनै समूहको मायाले हुँदैन, समूह बनाउनेतर्फ नलाग्नुहोला, त्यो बिउ अहिले नै नरोप्नु, कि भोलि त्यो रुख बनेर बीचबाट फाँड्नु नपरोस् । हामीले पुरानाहरुबाट यो सिक्नुपर्छ", उहाँले भन्नुभयो ।

उहाँले रास्वपा नयाँ पार्टी भएकाले नयाँ सोचका साथ अघि बढेको स्पष्ट पार्नुभयो । "हामीले यही कार्यकालमा सुकुमबासी र सहकारी ठगीसम्बन्धी समस्या समाधान गर्छौं । आगामी चुनावमा यही 'एजेण्डा' बोकेर जाँदैनौं, अब नयाँ एजेण्डा लिएर जान्छौं", प्रधानमन्त्रीले भन्नुभयो ।

अहिले रास्वपाको सरकार भएकाले हरेक मन्त्री, सांसद, पदाधिकारी, केन्द्रीय सदस्य, कार्यकर्ता र जनता नै प्रधानमन्त्री भएको उहाँको भनाइ थियो । पार्टीलाई एकढिक्का बनाउनुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "आज, भोलि र पर्सी पार्टीका बारेमा सोचौं, त्यसपछाडि पाँच वर्ष देशका बारेमा सोचौं ।"

**मौसमजन्य भाइरलबाट सुरक्षित बनौं**

- मौसम परिवर्तनसँगै स्वास्थ्यमा विशेष ध्यान दिऔं,
- नियमित रूपमा साबुनपानीले हात धुने बानी बसालौं,
- भीडभाडयुक्त स्थानमा आवश्यक सावधानी अपनाऔं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना सेवन गरौं,
- खोक्दा वा हाच्छ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं,

स्वस्थ र सुरक्षित जीवनशैली अपनाऔं
चिकित्सकको सल्लाहविना औषधि सेवन नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### हिंसा न्यूनिकरणतर्फ ध्यान पुगोस्

हिंसा भन्ने बित्तिकै हत्या भन्ने बुझिन्छ । तर हत्या मात्र हिंसा होइन् । हो हत्या जघन्य अपराधमा पर्दछ । यसबाहेक महिला हिंसा, घरेलु हिंसा, झैं-झगडा, यौन हिंसा, बोक्सीको आरोप तथा मादक पदार्थ सेवन गरि झगडा गर्नु लगायत हिंसामा पर्दछ । यस्ता हिंसा गर्नु वा गराउनु र घटनालाई प्रोत्साहन गर्नु पनि गैरकानुनी हो । तर, पनि यस्ता हिंसाप्रति मानिसमा अझैं चेतनाको कमी भएको जस्तो देखिन्छ ।

यस्ता घटनाहरुलाई न्यूनिकरण गर्नेतर्फ अझै जनचेतनामूलक अभियान आवश्यक छ । छिमेकी छिमेकीबीच, आपसी असमझदारी तथा मादक पदार्थ सेवन गरेर झै-झगडाका घटनाहरु भइरहेको प्रहरी तथ्याङकले देखाउछ । यस्ता घटनाले सामाजिक सद्‌भाव तथा आपसी भाइचारा खलबलाउन सक्ने सम्भावना समेत बढेको छ । त्यस्तै आत्महत्याका घटनाहरु पनि बढेको छ । घरायसी विवाद, व्यापार घाटा, बैदशिक रोजगारीमा असफल, बित्तिय संस्थाको ऋृण, प्रेममा असफल तथा पति पत्निबीचको द्वन्दले यस्ता घटनाहरु भइरहेको प्रहरीको अर्को तथ्याङकले देखाउछ । कुनै न कुनै वहानामा छिमेकी छिमेकीको झगडा तथा अन्य पुरानो रिसिइबीले यस्ता घटनाहरु भइरहेको प्रहरीको तथ्याङ्कले देखाएको छ । यी तीनै घटनाहरु एक आसपमा मिल्दो जुल्दो रहेको छ ।

यस्ता घटनाले व्यक्ति व्यक्तिबीच द्वन्द र परिवारको सुःख, समृद्धिमा निरास मात्र उत्पन्न गराउने गरेकाले समाजिक स्तरसँगै सरोकारवाला निकाय समेतले जिम्मेवारी पूर्ण भूमिका निर्वाह गर्न सके पक्कै पनि यी घटनाहरुलाई निरुत्साहित गर्न मद्दत मिल्ने छ । तसर्थ यस्ता घटनाहरुलाई निरुत्साहित गर्न सरोकारवाला सबै निकायका साथै सामाजिक स्तरबाट पनि उपाय खोज्नु आवश्यक छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# अन्तरराष्ट्रिय योग दिवस सन्दर्भः आरोग्य पर्यटन पर्यटनमा योग

**विनोद घिमिरे**

काठमाडौँ, ७ असार (रासस) ।

आधुनिक चिकित्सा पद्धतिले शारीरिक रोगहरूको निराकरणमा अतुलनीय प्रगति हासिल गरे तापनि आन्तरिक बेचैनी, खराब आचरणबाट सृजित समस्याहरू र आत्मिक शून्यताको पूर्ण समाधान ठम्याउन सकेको देखिँदैन ।

यही धरातलमा टेकेर हाल विश्व परिवेशमा आरोग्य पर्यटनको दायरा निकै द्रुत गतिमा फैलिँदै गइरहेको अवस्था छ । आधुनिक जीवनसँगै धेरै मान्छेहरूको जीवनशैली परिवर्तन भएको छ । जसका कारणले मान्छेहरूमा धेरै रोगध स्हरू उत्पन्न भएका छन् । सँगसँगै जीवनको गुणस्तर नै कम भएको अवस्था छ । यसरी आकुलव्याकुल भएर मान्छेहरू अब यात्राका लागि नै आरोग्यता रोज्ने परिस्थिति बनेको छ । मानिसहरू धेरै कारणले यात्रा गर्ने गर्छन् । कोही सौन्दर्यका लागि यात्रा गर्छन् कोही ट्रेकिङका लागि यात्रा गर्छन् कोही खेलकुदका लागि यात्रा गर्छन् । भने कोही चाहिँ आफ्नो स्वास्थ्यलाई राम्रो बनाउन र रोगहरू कम गर्नका लागि पनि यात्रा गर्छन् । स्वास्थ्यका लागि गरिने यात्रालाई आरोग्य पर्यटन भनिन्छ । आरोग्य पर्यटनले रोगको उपचार मात्र नभएर व्यक्तिको स्वास्थ्य रक्षा गर्न जीवनशैली सुधार गर्न र जीवनको गुणस्तर वृद्धि गर्नलाई सहयोग गरिरहेको हुन्छ । ग्लोबल वेलनेस इन्स्टिच्युटका अनुसार, आरोग्य पर्यटन भनेको आफ्नो व्यक्तिगत कल्याण र स्वास्थ्यलाई कायम राख्न वा बढावा दिन गरिने यात्रा हो । यो भनेको शारीरिक मानसिक भावनात्मक तथा आध्यात्मिक हिसाबले स्वास्थ्यको प्रवर्द्धन र संरक्षण गर्ने उद्देश्यले गरिने यात्रा हो । आरोग्य पर्यटनअन्तर्गत योग ध्यान आयुर्वेद प्राकृतिक चिकित्सा स्वस्थ आहार, स्पा डिटक्सजस्ता गतिविधिहरू पर्दछन् ।

पछिल्लो समय आरोग्य पर्यटन निकै विस्तार भएको छ । २०३० सम्म यसले विश्व पर्यटनको २० देखि २५ प्रतिशतसम्म हिस्सा ओगट्ने आकलन गरिएको छ । आरोग्य पर्यटन भनेको स्वास्थ्य पर्यटनकै एउटा अंश पनि हो । आरोग्य पर्यटनको बजार तथ्याङ्क हेर्दा, आरोग्य पर्यटनमा नेपाल १४३ देशमध्ये ९१औँ स्थानमा रहेको छ।

नेपालको आरोग्य पर्यटन अर्थतन्त्र करिब २.०२ अर्ब अमेरिकी डलर बराबर छ । आरोग्य पर्यटकले अन्य पर्यटकको तुलनामा ३० देखि ३५ प्रतिशत बढी –खर्च गर्ने अध्ययनले देखाएको छ । आरोग्य पर्यटनमा योगको निकै ठूलो भूमिका छ । योगले व्यक्तिलाई स्वस्थ रहन र रोग भइसकेको अवस्थामा त्यसको व्यवस्थापन गर्न सहयोग गर्छ। त्यसैले आजकाल आरोग्यका लागि यात्रा गर्ने क्रममा योग एउटा अभिन्न अंश पनि बनेको छ । योगले आरोग्य पर्यटनमा निम्न कुराहरूमा सहयोग गर्न सक्छः

**१. मानसिक आरोग्यता र तनावबाट मुक्ति**

विश्व स्वास्थ्य सङ्गठनका अनुसार अहिले तनाव एक महामारीको रुपमा रहेको छ । योसँगै हरेक व्यक्तिमा तनाव एन्जाइटी डिप्रेसनजस्ता मानसिक समस्याहरू देखिँदै आएका छन् । फलस्वरूप धेरै आरोग्य पर्यटनमा तनाव व्यवस्थापन र मानसिक आरोग्यता महत्त्वपूर्ण विषय बनेको छ । योगले मानसिक तनाव कम गर्दै चिन्ता रोग डिप्रेसनजस्ता रोगहरूलाई पनि कम गर्न सहयोग गर्छ भन्ने विभिन्न अनुसन्धानहरू छन् । रोगले खुसी हर्मोन बढाउने तथा तनाव हर्मोनलाई कम गर्ने गरी यस्ता अवस्थाहरूमा फाइदा पुऱ्याउने प्रशस्त अध्ययनहरू भएका छन् । यसैलाई आत्मसाथ गरेर धेरै ठाउँमा योगका रिटिटहरू पनि सञ्चालन भएका छन् जसले मानसिक आरोग्यता र तनावको मुक्तिका लागि विशेष कार्य गर्दछन् ।

**२. जीवनशैली रूपान्तरण**

पछिल्लो समय जीवनशैली जन्य विभिन्न रोगहरू उत्पन्न भएका छन् । जीवनशैलीजन्य रोगहरूमा मधुमेह, उच्च रक्तचाप, मोटोपन, शरीरका विभिन्न दुखाइहरू, डिप्रेसन, एन्जाइटी, पेटका रोगहरू आदि पर्दछन् । यी रोगहरूको प्रमुख कारण हेर्दा जीवनशैली नराम्रो हुनु नै प्रमुखका अवस्था छ । यसका लागि मान्छेहरूलाई जीवनशैली परिवर्तन गर्नुपर्छ भन्ने थाहा छ तर जीवनशैली परिवर्तन गर्नलाई अप्ठ्यारो छ र त्यसका लागि चाहिँ एकदमै शान्त वातावरणमा मान्छेले कसरि जीवनशैली व्यवथापन गर्ने भन्ने जस्ता कुराहरू चाहिँ सिक्नुपर्ने हुन्छ । अहिलेको जीवनशैली व्यवस्थापन भनेको डर मा आधारित छ र तिमीले यो यो जीवनशैली परिवर्तन गरेनौ भने यो यो रोग लागेर मर्न सक्छौँ भन्ने डरले चाहिँ जीवनशैली व्यवस्थापन पूरै दीर्घकालीन रुपमा व्यवस्थित हुँदैन भन्ने छ । योगले खुसीमा आधारित जीवनशैली परिवर्तन सिकाउँछ जसले गर्दा चाहिँ यो दीर्घकालीन रुपमा फाइदाजनक छ भनेर प्रमाणित भएको अवस्था छ । त्यसैले पछिल्लो समयमा आफ्नो जीवनशैलीलाई रूपान्तरण गर्नका लागि योगको भूमिकालाई लिएर विभिन्न योग रिट्रीट केन्द्र तथा आश्रममा आउने चलन छ । योगले रोगरोधक, स्वास्थ्यप्रवर्द्धक, उपचारात्मक, पुनःस्थापनात्मक चारै पक्षमा कार्य गर्छ । नेपाल आरोग्य पर्यटनको हब बन्ने सम्भावना उच्च छ ।

नेपालको भौगोलिक विविधताअन्तर्गत तराईको न्यानो फाँटदेखि मध्य पहाडको समशितोष्ण र हिमाली भेगको स्वच्छ शीतल वातावरण योग साधनाका लागि बरदान सावित छन् । विश्वव्यापी आरोग्य पर्यटनको रङ्गमञ्चमा नेपालले योगलाई आफ्नो मुख्य पहिचानअर्थात् ब्रान्डका रूपमा स्थापित गर्न सक्ने प्रवल सम्भावना देखिन्छ । वर्षको बाह्रै महिना ऋतुअनुसारका फरक-फरक प्राकृतिक परिवेशमा योग रिट्रिटहरू सञ्चालन गर्न सकिने अनुपम पर्यावरणीय धरातल नेपालसँग सुरक्षित छ ।

**३. उच्चस्तरको साधना**

हिमालयको काखमा बसेर गरिने योग र ध्यानलाई विश्वका धेरै साधकहरूले एउटा विशेष अवसर र सौभाग्यका रूपमा लिने गरेका छन् । नेपाल बुद्ध र विभिन्न ऋषिमुनिहरूको साधना गर्ने स्थल भएकाले यहाँको वातावरणमा नै बेग्लै प्रकारको आध्यात्मिक ऊर्जा पाइन्छ । यसले गर्दा आरोग्यताका लागि यात्रा गर्ने विदेशी पर्यटकहरू यहाँ निकै आकर्षित हुने गरेका छन् । लुम्बिनी, पोखरा, काठमाडौँका उच्च स्थान र हिमाली भेगमा विशेष योग रिट्रीट तथा आरोग्य केन्द्रहरू निर्माण गर्न सकेमा नेपालमा उच्चस्तरका धेरै पर्यटक ल्याउन सकिने प्रशस्त आधारहरू छन् ।

**४. प्राकृतिक र वैकल्पिक उपचार सँगको संयोजन**

आरोग्य पर्यटनभित्र आयुर्वेद, प्राकृतिक चिकित्सा र स्पा थेरापीहरू पर्दछन् । योग यी सबै विधाको परिपूरक हो । उदाहरणका लागि, आयुर्वेदको डिटक्स (पञ्चकर्म) गरिरहेको व्यक्तिलाई शरीर हलुका बनाउन र ऊर्जा प्रवाह राम्रो गर्न योग आसनहरू गराइन्छ । यसले गर्दा आरोग्य पर्यटनका प्याकेजहरू अझ बढी प्रभावकारी बन्छन् ।

**५. दीर्घकालीन र गुणस्तरीय पर्यटनको प्रवर्द्धन**

आरोग्य पर्यटनको एक महत्त्वपूर्ण अवयवका रूपमा योगले पर्यटन क्षेत्रको आर्थिक सबलीकरणमा विशेष योगदान दिइरहेको पाइन्छ । सामान्यतः अन्य पर्यटकहरू तीनदेखि पाँच दिनसम्म मात्र भुल्ने गरे तापनि योग र आरोग्यताका अभ्यासीहरू प्रायः एक हप्तादेखि एक महिना वा सोभन्दा लामो अवधिसम्म बस्ने गर्छन् । आफ्नो स्वास्थ्य र खानपानप्रति सचेत रहने यस्ता पर्यटकस्तरीय सेवाका लागि बढी खर्च गर्न इच्छुक हुने हुँदा यसबाट पर्यटन उद्योगले उल्लेख्य लाभ लिन सक्छ । योगका लागि शान्त र नैसर्गिक वातावरण अपरिहार्य हुने भएकाले यस्ता केन्द्रहरू सहरभन्दा टाढा ग्रामीण वा जङ्गलको निकट क्षेत्रमा स्थापना हुन्छन् । यसबाट पर्यटकीय लाभ स्थानीय स्तरसम्म पुगी ग्रामीण क्षेत्रमा रोजगारीका अवसरहरू सृजना हुन्छन् । सरकारले नेपाललाई आरोग्य पर्यटनको विश्व केन्द्र बनाउने १०० बुँदे कार्ययोजनामा 'योग, ध्यान, आयुर्वेद' ब्रान्ड बनाऊने घोषणा गरेको छ, नेपाल आरोग्य वर्ष २०२७ ले यो ब्रान्ड बनाउँदैछ । योग आरोग्य पर्यटनको मूलमन्त्र हो ।

प्रशस्त सम्भावनाहरूका बाबजुद आरोग्य पर्यटनको रङ्गमञ्चमा योगको भूमिकालाई संस्थागत र सुव्यवस्थित तुल्याउन केही चुनौती तथा अवरोधहरू विद्यमान देखिन्छन् :

**अन्तरराष्ट्रिय प्रमाणीकरण र ब्रान्डिङको चुनौती**

नेपालमा योग प्रशिक्षणका अनेकौं केन्द्रहरू सञ्चालित भए तापनि तिनलाई वैश्विक मापदण्डअनुरूपको 'वेलनेस रिसोर्ट' वा प्राज्ञिक एकेडेमीको रूपमा चिनाउन सकिएको छैन ।

**२. विशिष्टीकृत वैज्ञानिक पाठचक्रमको अभाव**

परम्परागत आसन र अभ्यासमा मात्र सीमित नभई विदेशी साधकहरूको शारीरिक तथा मानसिक अभिलाषा ( जस्तैः एन्टि-एजिङ, शोधन प्रक्रिया वा उपचारात्मक योग) लाई सम्बोधन गर्ने वैज्ञानिक प्याकेजहरूको कमी महसुस गरिएको छ ।

**पूर्वाधार विकास र सहज पहुँचः**

योग साधनाका लागि उपयुक्त एकान्त र शान्त गन्तव्यहरूसम्म पुग्ने यातायात सञ्जाल भरपर्दो नहुँदा उच्चस्तरका अन्तरराष्ट्रिय पर्यटकहरू यस्तो सेवा लिन सङ्कोच मान्ने परिस्थिति छ ।

विश्व परिवेशमा आरोग्य पर्यटन केवल सौखिन विलासिता मात्र नभई दैहिक एवं मानसिक सन्तुलन कायम राख्ने अपरिहार्य आवश्यकताका रूपमा उदय भएको छ । यस सन्दर्भमा, यस मानवीय अभिलाषालाई सम्बोधन गर्ने सर्वोत्कृष्ट एवं वैज्ञानिक कडीका रूपमा योगको भूमिका अद्वितीय देखिन्छ ।

आरोग्य पर्यटनको यस बृहत्तर रङ्गमञ्चमा योगलाई आधारभूत स्तम्भका रूपमा प्रतिष्ठित गर्न नेपालले 'हिमालयन वेलनेस' को नवीन अवधारणालाई आत्मसाथ गर्नु श्रेयस्कर देखिन्छ । राज्यको नीतिगत तहबाटै योग पर्यटनलाई उच्च प्राथमिकतामा राख्ने, वैश्विक मापदण्डका वेलनेस रिसोर्टहरूलाई प्रवर्द्धन गर्ने र आधुनिक चिकित्सा प्रणालीसँग योग विज्ञानको तादात्म्य मिलाउँदै एकीकृत चिकित्सा पद्धतिको मार्ग प्रशस्त गर्नसकेमा यसले राष्ट्रिय अर्थतन्त्र र जनस्वास्थ्यको क्षेत्रमा युगान्तकारी रूपान्तरण सूत्रपात गर्न सक्ने प्रवल आधारहरू सुनिश्चित गर्दछ । ( लेखक योग विशेषज्ञ हुनुहुन्छ)

# सङ्घीयताको कार्यान्वयनः मधेस प्रदेशका स्थानीय तहबाट करदाता सेवा

जनकपुरधाम, ७ असार (रासस)।

मधेस प्रदेशका स्थानीय तहमा करदाता सेवा विस्तार हुन थालेको छ। सङ्घीय सरकारले नागरिकलाई सहज, छरितो र पहुँचयोग्य सेवा प्रदान गर्ने उद्देश्यसहित अघि सारेको ‘स्थानीय तहबाटै करदाता सेवा’ अवधारणाले व्यावहारिक रूप लिन थालेको हो।

नेपालमा सङ्घीयता लागू भएको एक दशक पुग्न लाग्दा पनि धेरै सार्वजनिक सेवा अझै केन्द्रित संरचनाबाट सञ्चालन हुँदै आएका छन्। कर प्रशासन पनि त्यसमध्ये एक थियो। स्थायी लेखानम्बर (प्यान) दर्ता, प्यान रूपान्तरण, आयकर दर्ता तथा अन्तःशुल्कसम्बन्धी विभिन्न प्रक्रियाका लागि सेवाग्राहीले घण्टौं यात्रा गर्नुपर्ने अवस्था थियो।

विशेषगरी ग्रामीण क्षेत्रका नागरिक र साना व्यवसायीका लागि यो झन्झटिलो मात्र होइन, खर्चिलो पनि थियो। मधेस प्रदेशमा यसको प्रभावकारी कार्यान्वयन हुन थालेको देखिन्छ। यसलाई सङ्घीय शासन प्रणाली कार्यान्वयनको एउटा महत्वपूर्ण उपलब्धि मान्न सकिन्छ।

मधेस प्रदेशका ३२ वटा स्थानीय तहमा करदाता सेवा सुरु भएसँगै नागरिकले करसम्बन्धी कामका लागि जिल्ला सदरमुकाम वा आन्तरिक राजस्व कार्यालय धाउनुपर्ने बाध्यता कम हुँदै गएको छ। सप्तरी, धनुषा, सर्लाही, रौतहट र बाराका ३२ स्थानीय तहमा सेवा सुरु हुनु त्यसको उदाहरण हो।

प्रदेशको आठ जिल्लाका १३६ स्थानीय तहमध्ये हालसम्म सप्तरी, धनुषा, सर्लाही, रौतहट र बाराका ३२ स्थानीय तहबाट करदाता सेवा सुरु भइसकेको आन्तरिक राजस्व कार्यालयहरूले जनाएका छन्।

आन्तरिक राजस्व कार्यालय सिरहाका प्रमुख अमित पौडेलका अनुसार सप्तरीका १८ स्थानीय तहमध्ये १६ वटामा करदाता सेवा सुरु भइसकेको छ। बाँकी दुई पालिका पनि छिट्टै सुरु गर्ने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो।

सप्तरीको सप्तकोशी, कञ्चनरुप, हनुमाननगर कङ्कालनी, शम्भुनाथ, खडक नगरपालिका, बोदेबसाईन, डाक्नेश्वरी र सुरुङ्गा नगरपालिका तथा अग्निसाइर कृष्णासबरण, तिरहुत, महदेवा, तिलाठी कोइलाडी, राजगढ, विष्णुपुर, छिन्नमस्ता र बलानबिहुल गाउँपालिकामा करदाता सेवा सुरु भइसकेको प्रमुख पौडेलले जानकारी दिनुभयो। राजविराज नगरपालिका र रुपनी गाउँपालिकामा पनि छिट्टै सुरु गर्ने तयारी भइरहेको उहाँको भनाइ छ।

सिरहामा भने कुनै पनि स्थानीय तहबाट अहिलेसम्म करदाता सेवा सुरु हुन नसकेको प्रमुख पौडेलले बताउनुभयो। आन्तरिक राजस्व कार्यालय लहान र सदरमुकाम सिरहास्थित कोष तथा लेखा नियन्त्रण कार्यालयले सिरहा जिल्लामा करदाता सेवा पुऱ्याउँदै आएको छ।

यस्तै धनुषाको मिथिला नगरपालिका र क्षीरेश्वरनाथ नगरपालिकाले पनि केही दिनदेखि करदाता सेवा सञ्चालन गरेको आन्तरिक राजस्व कार्यालय जनकपुरधामका प्रमुख आनन्दकुमार गुप्ताले जानकारी दिनुभयो। धनुषाको केही स्थानीय तहहरूमा करदाता सेवा सञ्चालन सम्बन्धमा छलफल र सम्झौताको काम अघि बढेको उहाँले बताउनुभयो।

सर्लाहीको लालबन्दी नगरपालिका, बागमती नगरपालिका, ईश्वरपुर नगरपालिका, हरिवन नगरपालिका, हरिपुर्वा नगरपालिका र हरिपुर नगरपालिकामा करदाता सेवा सुरु भइसकेको आन्तरिक राजस्व कार्यालय महोत्तरी बर्दिबासमा सूचना अधिकारी रोबिन साहले बताउनुभयो। सर्लाहीको बाँकी चारवटा पालिकामा करदाता सेवा सञ्चालनका लागि प्रयास भइरहेको उहाँको भनाइ छ।

आन्तरिक राजस्व कार्यालय सिमरा बाराका अनुसार रौतहटको सात वटा पालिकाबाट करदाता सेवा सञ्चालन भइसकेको छ। रौतहटको चन्द्रपुर नगरपालिका, गरुडा नगरपालिका, गुजरा नगरपालिका, कटहरीया नगरपालिका, गढीमाई नगरपालिका, फतुवा विजयीपुर नगरपालिकामा करदाता सेवा सुरु भइसकेको आन्तरिक राजस्व कार्यालय सिमरा बाराका प्रमुख दिनेश पाण्डेले बताउनुभयो। बारामा भने जितपुर सिमरा उपमहानगरपालिकाबाट मात्र करदाता सेवा सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो।

रौतहट र बाराका केही स्थानीय तहबाट करदाता सेवा सञ्चालनका लागि सम्झौता र तालिम दिने काम भइरहेकाले यथाशीघ्र ती पालिकामा पनि करदाता सेवा सुरु गर्ने तयारी भइरहेको प्रमुख पाण्डेको भनाइ छ। उहाँका अनुसार सिरहा, महोत्तरी र पर्सा जिल्लाको कुनै पनि स्थानीय तहले अहिलेसम्म करदाता सेवा सञ्चालन गर्न सकेको छैनन्।

विगतमा आन्तरिक राजस्व कार्यालयहरूबाट दिँदै आएको व्यक्तिगत तथा व्यवसायी स्थायी लेखानम्बर जारी गर्ने, प्यान रुपान्तरण गर्ने तथा आयकर दर्तासम्बन्धी काम अब स्थानीय तहबाट प्राप्त हुन थालेका छन्। यसका साथै अन्तशुल्कसम्बन्धी इजाजत जारी तथा नवीकरण प्रक्रियाका लागि कागजात सङ्कलन र प्रारम्भिक प्रमाणीकरण पालिकाबाटै गरी अन्तिम स्वीकृति आन्तरिक राजस्व कार्यालयबाट डिजिटल हस्ताक्षरमार्फत हुने व्यवस्था रहेको जनाएको छ।

स्थानीय तहबाट करदाता सेवा सञ्चालन भएपछि पालिकाभित्रका करदातालाई सदरमुकामसम्म धाउनुपर्ने बाध्यता हट्नुको साथै करदातालाई समय र खर्च पनि बचत हुने सप्तरीको तिरहुत गाउँपालिकाका अध्यक्ष विजय यादवले विश्वास व्यक्त गर्नुभयो।

करसम्बन्धी सेवालाई स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार र सङ्घीय निकायबीचको समन्वयलाई मजबुत बनाएको सङ्घीयता विज्ञसमेत रहनुभएका राष्ट्रियसभाका पूर्वसदस्य डा खिमलाल देवकोटाले बताउनुभयो।

“स्थानीय तहबाट सेवा प्रवाह हुनुको सबैभन्दा ठूलो लाभ नागरिकलाई पुग्नेछ”, डा देवकोटाले भन्नुभयो, “पहिले एउटा प्यान दर्ता वा नवीकरणका लागि दिनभर समय खर्च गरेर जिल्ला सदरमुकाम पुग्नुपर्ने अवस्था थियो, अब त्यही सेवा आफ्नै पालिकाबाट प्राप्त गर्न सकिने भएको छ।” यसले समय र खर्च दुवै बचत गर्नुका साथै सेवाप्रति नागरिकको पहुँच बढ्ने र कर प्रणालीप्रति विश्वास पनि बलियो बन्ने अपेक्षा गर्न सकिने उहाँको भनाइ छ।

सङ्घीय सरकारको यस व्यवस्थाले कर प्रशासनलाई थप व्यवस्थित र पारदर्शी बनाउन पनि मद्दत गर्ने सङ्घीयता विज्ञ डा देवकोटाले विश्वास व्यक्त गर्नुभयो। स्थानीय तह नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहने निकाय भएकाले करदाताको विवरण अद्यावधिक राख्न, करसम्बन्धी जनचेतना अभिवृद्धि गर्न तथा नयाँ करदातालाई प्रणालीमा आबद्ध गराउन सहज हुने उहाँले बताउनुभयो।

“तर चुनौतीहरू पनि कम छैनन्”, डा देवकोटाले भन्नुभयो, “मधेस प्रदेशका सिरहा, महोत्तरी र पर्सा जिल्लाका स्थानीय तहमा अझै सेवा सुरु हुन सकेको छैन। आवश्यक जनशक्ति, प्राविधिक पूर्वाधार, तालिम र समन्वयको अभावले सेवा विस्तारमा ढिलाइ भइरहेको देखिन्छ।” सङ्घीय सरकार, आन्तरिक राजस्व कार्यालय र स्थानीय तहबीच प्रभावकारी सहकार्य हुन सकेमात्र यो अभियान पूर्ण सफल हुन सक्छ उहाँको भनाइ छ।

डिजिटल प्रणालीको प्रभावकारी प्रयोग अर्को महत्वपूर्ण पक्ष हो। स्थानीय तहबाट कागजात सङ्कलन र प्रारम्भिक प्रमाणीकरण भए पनि अन्तिम स्वीकृति डिजिटल हस्ताक्षरमार्फत आन्तरिक राजस्व कार्यालयबाट हुने व्यवस्था गरिएको छ। यसले सेवा प्रक्रियालाई आधुनिक र पारदर्शी बनाउने भए पनि इन्टरनेट, प्रविधि र दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गर्नुपर्ने आवश्यकता छ।

“सङ्घीयताको मूल मर्म भनेकै नागरिकलाई घरदैलोमा सेवा उपलब्ध गराउनु हो”, नागरिक समाजका अगुवा राजकुमार साहले भन्नुभयो, “करदाता सेवा स्थानीय तहसम्म विस्तार हुनु यही मर्मको व्यावहारिक अभ्यास हो, मधेस प्रदेशमा सुरु भएको यो पहललाई देशका अन्य प्रदेशमा पनि प्रभावकारी रूपमा विस्तार गर्न सकिए कर प्रशासन थप नागरिकमैत्री बन्नेछ।” स्थानीय तहबाट करदाता सेवा सञ्चालन हुनु केवल प्रशासनिक सुधार मात्र होइन, नागरिकको समय, श्रम र खर्च बचाउने तथा राज्यप्रति विश्वास बढाउने महत्वपूर्ण कदम भएको उहाँको भनाइ छ।

# जहाँ विधि मिचिन्छ, त्यहाँ कांग्रेस सशक्त रूपमा उभिने : सभापति थापा

**दैनिक समाचारदाता**
**चितवन, ७ असार।**

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले जहाँ विधि मिचिन्छ, त्यहाँ कांग्रेस सशक्त रूपमा उभिने बताएका छन्। रास्वपाको चितवनमा पहिलो अधिवेशनका शुभकामना दिँदै थापाले सरकार र मन्त्रीहरूको कार्यशैलीप्रति संकेत गरे।

थापाले भने, ‘जहाँ विधि मिचिन्छ, त्यहाँ कांग्रेस सशक्त रूपमा उभिन्छ। उनले मन्त्रीले रुखमा बाँध्छु भन्दा त्यसको विपक्षमा उभिने बताए। ‘कुनै मन्त्रीले नागरिकलाई रुखमा बाँध्नुपर्छ भन्दा हामी औँला उठाउँछौं,’ उनले भने। सिमाना मिचिएको सवालमा रास्वपाले लिने अडानलाई कांग्रेसले झनै ठूलो स्वरले स्वागत गर्ने उनको भनाइ थियो।

थापाले विगत १०-१२ वर्षदेखि जसरी पनि सत्तामा पुग्ने ‘हिसाबी राजनीति’ मात्र भएको भन्दै अबको यात्रा जनमुखी र मूल्य मान्यतामा आधारित हुनुपर्ने बताए। थापाले कांग्रेस संविधान र व्यवस्था जोगाउन सधैं प्रतिबद्ध रहने बताए।

रास्वपाले स्थापनाको चार वर्षमै प्राप्त गरेको जनमतको मुक्तकण्ठले प्रशंसा गरे। थापाले नयाँ शक्तिले पुराना दलहरूलाई चुनौती दिँदै थप मिहिनेत गर्न बाध्य पारेको बताए।

थापाले इतिहासको स्मरण गर्दै थापाले यसअघि पनि विभिन्न दलहरूले ३-४ पटक ठूलो जनमत प्राप्त गरे पनि ती दलका नेताहरूमा पलाएको शक्ति र उन्मादको कारण जनमत दुर्घटनामा परेको बताए।

‘शक्तिको उन्माद र नेताहरूमा पलाउने अहंकारले जनमत दुर्घटनामा पर्छ,’ उनले भने, ‘दुर्घटना हुँदा पहिलो सिकार पार्टी हुन्छ, त्यसपछि राज्य र अन्ततः जनताले विकास पाउनबाट वञ्चित हुन्छन्।’

सभापति थापाले रास्वपाका कार्यकर्ताहरूलाई आफ्ना नेताहरूप्रति अन्धभक्त नहुन विशेष आग्रह गरे। ‘हामीले हाम्रा नेताहरूलाई भगवान् र ‘बा’ बनाएर ठूलो गल्ती गर्‍यौं, तपाईंहरूले त्यसो नगर्नुहोला,’ उनले भने, ‘आफ्नै नेताहरूलाई पनि प्रश्न गर्ने आँट राख्नुहोला।’ रातोपाटीबाट

## विश्व समाचार

# जेनेभामा अमेरिका-इरान वार्ता सुरु हुँदै, हर्मुजमा पुनः तनाव

जेनेभा, ७ असार (रासस/एएफपी)।

मध्यपूर्व युद्धसँग सम्बन्धित विषयमा अमेरिका र इरानबीच नयाँ चरणको वार्ता आज स्विट्जरल्याण्डको जेनेभामा सुरु हुने भएको छ। वार्तामा सहभागी हुन इरानी प्रतिनिधिमण्डल शनिबार राति जेनेभा पुगेको छ भने अमेरिकी उपराष्ट्रपति जेडी भान्स पनि वार्ताका लागि युरोप प्रस्थान गर्नुभएको छ। यसैबीच, इरानले लेबनानमा इजरायली आक्रमण जारी रहेको भन्दै ‘स्ट्रेट अफ हर्मुज’ पुनः बन्द गर्ने घोषणा गरेको छ।

युरोप प्रस्थानअघि सञ्चारकर्मीसँग कुरा गर्दै उपराष्ट्रपति भान्सले इरानको आणविक कार्यक्रम तथा लेबनान युद्धविरामसम्बन्धी विषयमा प्रगति हुने अपेक्षा व्यक्त गर्नुभयो।

गत शुक्रबार हुने तय भएको अनुवर्ती वार्ता इजरायलले लेबनानमा घातक आक्रमण गरेपछि अन्तिम समयमा स्थगित गरिएको थियो। इजरायली सैनिकका चार सदस्यको मृत्यु भएपछि ती आक्रमण गरिएको जनाइएको छ।

अमेरिकाले शुक्रबार लेबनानमा युद्धविराम पुनः लागू भएको घोषणा गरे पनि शनिबार इजरायली सेना र हिज्बुल्लाहबीच पुनः झडप भएको थियो। दुवै पक्षले एकअर्कामाथि युद्धविराम उल्लङ्घन गरेको आरोप लगाएका छन्।

इरानको केन्द्रीय सैन्य कमाण्डले अमेरिकाले प्रारम्भिक सम्झौताको पालना नगरेको तथा दक्षिणी लेबनानमा इजरायलले निरन्तर युद्धविराम उल्लङ्घन गरेको आरोप लगाउँदै ‘स्ट्रेट अफ हर्मुज’मा जहाज आवागमनका लागि पुनःबन्द गरिने घोषणा गरेको छ।

विश्व तेल तथा ग्यास आपूर्तिको प्रमुख मार्ग मानिने ‘स्ट्रेट अफ हर्मुज’ युद्धको अधिकांश अवधिमा इरानले अवरुद्ध गरेको थियो। यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र इरानी राष्ट्रपति मसूद पेजेशकियानबीच भएको प्रारम्भिक सहमतिअनुसार ‘स्ट्रेट अफ हर्मुज’ खुला गरिएको थियो।

इरानको घोषणापछि अमेरिकी केन्द्रीय कमाण्डले अन्तरराष्ट्रिय जलमार्गमा सुरक्षित आवागमन कायम रहेको र अमेरिकी सेना सतर्क अवस्थामा रहेको जनाएको छ।

यसैबीच राष्ट्रपति ट्रम्पले वार्ताबाट अन्तिम सहमति ननिस्किए अमेरिकाले हर्मुजमार्फत हुने आवागमनमा आफ्नै शुल्क प्रणाली लागू गर्न सक्ने चेतावनी दिनुभएको छ।

इरानी प्रतिनिधिमण्डलमा संसद्का सभामुख मोहम्मद बाघेर गालिबाफ र विदेशमन्त्री अब्बास अराघची सहभागी रहनुभएको छ। इरानका विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बकाएइले प्रारम्भिक सम्झौताअनुसार अर्को पक्षले आफ्नो प्रतिबद्धता कार्यान्वयन गर्नुपर्ने माग वार्तामा उठाइने बताउनुभयो।

अमेरिकी वार्ताकार जारेड कुशनर र स्टिभ विटकफ भने वार्तास्थलमा पुगेर प्राविधिक विषयमा छलफल गरिरहेको जनाइएको छ।

मध्यस्थकर्ताको भूमिका निर्वाह गरिरहेको पाकिस्तानले प्रधानमन्त्री शहबाज शरीफ र सेना प्रमुख असिम मुनीर पनि उच्चस्तरीय वार्तामा सहभागी हुन स्विट्जरल्याण्ड प्रस्थान गरेको जनाएको छ। वार्ताको मुख्य उद्देश्य प्रारम्भिक सहमतिवाट समाधान हुन बाँकी विषय, विशेषगरी इरानको आणविक कार्यक्रमबारे दुई महिनाको वार्ता प्रक्रिया सुरु गर्नु रहेको बताइएको छ।

यसैबीच दक्षिणी लेबनानमा इजरायल र हिज्बुल्लाहबीच तनाव कायमै रहेको छ। इजरायली सेनाले झडपमा एक सैनिकको मृत्यु भएको जनाएको छ। अमेरिकी-इरान सहमतिपछि यो पाँचौं सैनिक मृत्यु हो। इजरायली सेनाले हिज्बुल्लाहले दक्षिणी लेबनानस्थित आफ्ना सैनिकमाथि ५० भन्दाबढी क्षेप्यास्त्र प्रहार गरेको आरोप लगाएको छ। हिज्बुल्लाहले भने युद्धविरामको आडमा इजरायलले दक्षिणी लेबनानतर्फ घुसपैठ प्रयास गरेपछि आफूले प्रतिकार गरेको जनाएको छ।

लेबनानी सरकारी सञ्चारमाध्यमका अनुसार इजरायली हवाई आक्रमणमा करिब २० स्थान प्रभावित भएका छन्। आक्रमणमा ३० भन्दाबढी व्यक्तिको मृत्यु भएको छ। लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार हालसम्मको द्वन्द्वमा मृत्यु हुनेको सङ्ख्या चार हजार नाघेको छ। दुवै पक्षले युद्धविराम उल्लङ्घनको जिम्मेवारी एकअर्कामाथि थोपरेका छन्। दक्षिणी लेबनानका विस्थापित स्थानीयवासीले उक्त क्षेत्रमा अझै त्रास कायम रहेको बताएका छन्।

# इरान-अमेरिका वार्तामा लेबनान द्वन्द्व मुख्य एजेन्डा

तेहरान, ७ असार (रासस/एएफपी)।

इरानले लेबनानमा इजरायल र हिजबुल्लाहबीच जारी द्वन्द्वलाई स्विट्जरल्याण्डमा अमेरिकासँग हुने वार्ताको मुख्य विषय बनाइने जनाएको छ। इरानको सरकारी समाचार संस्था ‘इर्ना’ले सार्वजनिक गरेको भिडियो सन्देशमा विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बकाइले इजरायलले लेबनानसम्बन्धी आफ्ना प्रतिबद्धता उल्लङ्घन गरिरहेकाले उक्त विषय वार्ताको प्रमुख एजेन्डा हुने बताउनुभयो।

उहाँका अनुसार वार्तामा इरानका रोक्का तथा प्रतिबन्धित सम्पत्ति फुकुवा गर्ने विषय, साथै इरानी तेल बिक्रीका लागि आवश्यक अनुमति तथा इजाजतपत्र जारी गर्ने सम्बन्धमा पनि छलफल हुनेछ। इरान र अमेरिकाबीच क्षेत्रीय सुरक्षा, आर्थिक प्रतिबन्ध तथा अन्य द्विपक्षीय चासोका विषयमा वार्ता हुन लागेको हो।

# जिल्ला स्तरीय यू-१९ पुरुष क्रिकेट प्रतियोगिता सुरु




**दैनिक समाचारदाता**
**राजविराज, ७ असार ।**
सप्तरी क्रिकेट विकास प्रतिष्ठानको आयोजनामा जिल्ला स्तरीय यू-१९ पुरुष क्रिकेट प्रतियोगिता शनिबारदेखि सुरु भएको छ ।

राजविराजस्थित पविमावि क्रिकेट मैदानमा आयोजित उद्घाटन समारोहमा राजविराज नगरपालिका वडा नं. ६ का अध्यक्ष शशीकुमार चौधरी, वडा नं. १६ का अध्यक्ष रामएकवाल यादव, क्रिकेट विकास प्रतिष्ठानका अध्यक्ष इन्जिनियर इन्द्र नारायण देव, सप्तरी क्रिकेट संघका सचिव चन्दनकुमार यादव तथा प्रतिष्ठानका सचिव भोगेन्द्र चौधरीलगायतले शुभकामना व्यक्त गरेका थिए ।

प्रतियोगिताको उद्घाट गर्दै वक्ताहरुले जिल्लामा क्रिकेट खेलाडीको उत्पादन, विकास र संरक्षणका लागि यस्ता प्रतियोगिताहरू महत्वपूर्ण रहेको उल्लेख गर्दै युवा खेलाडीलाई अवसर प्रदान गर्न सबै पक्षको सहयोग आवश्यक रहेको बताए ।

प्रतियोगितामा जिल्लाभित्रका यू-१९ उमेर समूहका ८ वटा टोलीको सहभागिता रहनेछ । प्रतियोगिताबाट उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूको आधारमा सप्तरी जिल्ला यू-१९ क्रिकेट टोली समेत छनोट गरिने सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठले जानकारी दिए ।

सप्तरी क्रिकेट संघको सहकार्यमा क्रिकेट विकास प्रतिष्ठानले आयोजना गरेको प्रतियोगिताले जिल्लामा क्रिकेट खेलको विकास तथा प्रतिभावान खेलाडीको पहिचानमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

# रास्वपाले प्रतिशोधको राजनीति गर्दैन : सभापति लामिछाने



चितवन, ७ असार (रासस) ।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले आफ्नो पार्टीले प्रतिशोधको राजनीति नगर्ने स्पष्ट पार्नुभएको छ ।

चितवनको भरतपुरमा आयोजित पार्टीको प्रथम राष्ट्रिय महाधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै सभापति लामिछानेले पार्टीले प्राप्त गरेको जनमतलाई आत्मसात गरी कसैप्रति पनि प्रतिशोध नसाँध्ने बताउनुभयो । उहाँले राजनीतिक दलहरुबीच भएका वैमनस्यता पनि यहीँबाट अन्त्य गरी सहयोग र सहकार्यका साथ देश र जनताको पक्षमा काम गर्ने उल्लेख गर्नुभयो ।

पार्टीभित्र गुट-उपगुटको अभ्यास हुन नदिने उल्लेख गर्दै सभापति लामिछानेले महाधिवेशनमार्फत एकताको सन्देश दिइने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले पुराना राजनीतिक दलले बेहोरेको अनुभवबाट पाठ सिकेर गुटरहित ढङ्गले अघि बढ्न सके रास्वपालाई कुनै शक्तिले पराजित गर्न नसक्ने उहाँको भनाइ थियो ।

"रास्वपा लड्यो भने आफ्नै घुँडामा अल्झेर लड्छ, रास्वपालाई लडाउने अरू कसैको तागत छैन", उहाँले भन्नुभयो, "गुट र उपगुटले दिने फल विषालु हुन्छ । त्यस्तो फल फल्यो भने वृक्ष नै काट्नुपर्ने अवस्था आउँछ । हामी अहिले कस्तो बीउ रोप्ने भन्ने मोडमा छौँ ।" रास्वपा देशको साझा राजनीतिक मञ्चका रूपमा स्थापित हुँदै गएको उल्लेख गर्दै उहाँले पछिल्लो समय गैरराजनीतिक क्षेत्रका व्यक्ति पनि राजनीतिमा आउन थालेको बताउनुभयो ।

सभापति लामिछानेले नेपाली कांग्रेस र नेकपा (एमाले)भित्र देखिएका समस्या समाधान गर्न सुझाव दिँदै समस्या समाधान नभए त्यसले मुलुकलाई नै अप्ठ्यारो पर्ने बताउनुभयो । "हामीले इतिहासलाई जवाफ दिनुपर्नेछ । राष्ट्रिय राजनीति राम्रो हुन हाम्रो पार्टी मात्रै राम्रो भएर पुग्दैन, अरू दल पनि सुध्रिनुपर्छ", उहाँले भन्नुभयो, "कांग्रेस र एमालेभित्र देखिएका अप्ठ्यारा समाधान भएनन् भने देशलाई समस्या पर्छ ।"

सभापति लामिछानेले पूर्वसहमति अनुसार नै सरकार अघि बढेको भन्दै प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले लक्ष्यअनुसार काम गरिरहेको बताउनुभयो । "सरकार सञ्चालन गर्ने पूर्वसहमति अनुसार रास्वपाका वरिष्ठ नेता बालेन शाहको खुट्टामा बल पुगेको छ । गोल हान्ने जिम्मा उहाँलाई नै छ । झुक्किएर मेरो खुट्टामा बल आएछ भने पनि पास गरेर उहाँको खुट्टामा पुर्याउने जिम्मा मेरो हो", लामिछानेले भन्नुभयो ।

# क्यान्सर औषधि सहज उपलब्ध हुने

काठमाडौँ, ७ असार (रासस) ।
विगत दुई महिनादेखि क्यान्सर रोगको उपचारका लागि प्रयोग हुने औषधिको अभाव रहेकामा अब सहज उपलब्ध हुनेछ । औषधि व्यवस्था विभागका सूचना अधिकारी किरणसुन्दर बज्राचार्यले क्यान्सरको किमोथेरापी उपचारमा प्रयोग हुने औषधि केही दिनमा सहज उपलब्धता हुने बताउनुभयो । उहाँले औषधिको अहिले केही सीमित ठाउँमा मात्र उपलब्ध गराउँदै आएकामा अब सहज रूपमा उपलब्ध गराइने बताउनुभयो ।

"औषधिको अभाव रहेकाले हामीले बिरामीलाई सहजताका लागि देशभरि केही ठाउँमा अस्पताल र फार्मेसीको नामै तोकेर उपलब्ध गराउने गरेका छौँ", उहाँले भन्नुभयो, "अब चाँडै नै औषधिको आयातलाई सहज बनाएर बिरामीलाई सजिलै उपलब्ध गराउने छौँ ।" उहाँले सरकारले ती औषधिको मूल्य समायोजन गर्ने प्रतिबद्धता व्यक्त गरिसकेकाले सहज पाइने बताउनुभयो । क्यान्सरको किमोथेरापी उपचारका लागि हुने 'कार्बोप्लाटिन', 'सिस्प्लाटिन' लगायत औषधिको अभाव विगत दुई महिनादेखि भएको हो ।

विभागले ती औषधि पाउनका लागि जानकी अस्पताल नेपालगञ्ज, पूर्वाञ्चल क्यान्सर अस्पताल बिर्तामोड, विराट मेडिकल कलेज विराटनगर, ववीना फार्मा पोखरा, पुनम फार्मेसी धरान, राजदूत प्रालि भरतपुर, मल्ल फर्मास्युटिकल्स पोखरा, ताज नेपाल प्रालि काठमाडौँ, डिकेएम फर्मास्युटिकल्स प्रालि काठमाडौँ, सिजल फर्मा र अनमोल हेल्थ केयर काठमाडौँलाई औषधि सहजताका लागि सम्पर्क तोकिएको छ ।

किमोथेरापी उपचारका लागि सबभन्दा बढी 'कार्बोप्लाटिन' र त्यसपछि 'सिस्प्लाटिन' औषधि आवश्यक पर्दछ । सूचना अधिकारी बज्राचार्यका अनुसार अहिले नेपालमा 'कार्बोप्लाटिन' औषधि दुई हजार भाइल र 'सिस्प्लाटिन' ५० भाइल मात्र मौज्दात रहेको छ ।

नेपालमा बिरामीका लागि महिनामा एक हजार भाइल 'कार्वोप्लाटिन' र ६०० भाइल 'सिस्प्लाटिन' आवश्यक पर्दछ । नेपाल औषधि आपूर्तिकर्ता सङ्घका अध्यक्ष पवन आचार्यले बिरामीको उपचारलाई अभाव हुन नदिनका लागि आफूहरूले महँगा भए पनि औषधि नेपाल आयात गरेर उपलब्ध गराइरहेको बताउनुभयो ।

उहाँले एक महिनालाई पुग्ने 'सिस्प्लाटिन' औषधि भारतबाट नेपाल आउने क्रममा रहेको जानकारी दिनुभयो । उहाँले सरकारले मूल्य समायोजन गरेपछि औषधिको अभाव नहुने बताउनुभयो । भक्तपुर क्यान्सर अस्पताल, चितवनस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायत क्यान्सर रोगको किमोथेरापीमा उपचारमा प्रयोग हुने औषधिको अभाव देखिएको हो ।

# रास्वपाको महाधिवेशनमा विभिन्न पार्टीपार्टीको तर्फबाट शुभकामना

काठमाडौँ, ७ असार (रासस) ।
राष्ट्रिय स्वतन्त्र पार्टीको प्रथम महाधिवेशनको उद्घाटनसत्रमा विभिन्न राजनीतिक दलका शीर्ष नेता र प्रतिनिधिले शुभकामना दिएका छन् ।

चितवनको भरतपुरमा आइतबार महाधिवेशनको उद्घाटनसत्रमा नेपाली कांग्रेसका सभापति गगन कुमार थापा, नेकपा (एमाले) का नेता प्रदीपकुमार ज्ञवाली, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का नेता वर्षामान पुन, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले शुभकामना दिनुभयो । साथै जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा चन्द्रकान्त राउतले पनि महाधिवेशनको सफलताको कामना गर्नुभयो ।

नेताहरूले छोटो समयमा रास्वपा राष्ट्रिय राजनीतिको मियो बन्न सफल भएकामा प्रशंसा गर्दै यस प्राप्त जनमतलाई जनअपेक्षा अनुसार पूरा गर्न सक्नुपर्नेमा जोड दिनुभयो । उहाँहरूले वर्तमान सरकारले गरेका राम्रा कामको समर्थन रहने स्पष्ट पार्नुभयो ।

# गोठमा सुतिरहेका व्यक्तिको हत्या

**दैनिक समाचारदाता**
**सर्लाही, ७ असार ।**
भैसी गोठमा सुतिरहेका एक व्यक्तिको धारिलो हतियार प्रहार गरी हत्या गरिएको छ ।

सर्लाहीको बसबरिया गाउँपालिका १ मानपुरका ५२ वर्षीय होशनारायण राय यादवको शनिबार मध्यराति हत्या भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

प्रहरीका अनुसार यादव भैसी गोठमा सुतिरहेको अवस्थामा राति करिब १२ बजे अपरिचित समूहले घाँटीमा धारिलो हतियार प्रहार गरेको थियो । घटनापछि परिवारका सदस्यले गम्भीर घाइते अवस्थामा उनलाई उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटोमै मृत्यु भएको थियो ।

प्रहरीले हत्यामा संलग्न व्यक्तिको पहिचान तथा पकाउका लागि खोजी कार्य तीव्र पारिएको जनाएको छ ।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*